# ४.२ मधेश प्रदेशका हरुवा चरुवा : आधुनिक बाँधाश्रम

**परिचय**

नेपालमा प्रचलित कृषि बाँधाश्रम प्रथाको एक स्वरूप हरुवा चरुवाले हजारौँ दलित परिवारको जीवनमा प्रतिकूल प्रभाव पार्दै आएको छ। बाँधाश्रमलाई गैरकानुनी घोषणा गरिएको भए पनि व्यवहारमा उनीहरू अझै पनि नियन्त्रित, असीमित र जबरजस्ती श्रम र अपर्याप्त ज्यालाको अवस्थामै बाँधिएका छन्। जमिनदारी प्रथाको अवशेषका रूपमा मधेशका आठ जिल्लामा १ लाख १० हजारभन्दा बढी हरुवा चरुवा अरुको जमिनमा श्रमसम्बन्धी न्यूनतम मापदण्ड विपरीत शोषणको अवस्थामा रहेका छन्। नेपाली बृहत् शब्दकोशले हरुवा शब्दको अर्थ खेतबारीमा हलो जोत्ने व्यक्ति, हली भनी उल्लेख गरेको छ। यसैगरी, सोही शब्दकोशमा चरुवा भन्नाले गाईबस्तु चराउने मानिस, गोठालो उल्लेख छ। जग्गाजमिन तथा आर्थिक हैसियत बढी भएका व्यक्तिहरूले हलो जोत्न र गाईवस्तु चराउन आर्थिक रूपले विपन्न तथा दलित समुदायका व्यक्तिलाई हरुवा चरुवा राख्ने गरेको पाइन्छ। हरुवा चरुवालाई वार्षिक वा मासिक रूपमा रकम वा अन्न दिने गरी तोकेर राख्ने चलन रहेको छ।

आर्थिक रूपले कमजोर, विपन्न तथा दलित समुदायका व्यक्तिको घरमा कुनै कामका लागि जग्गाधनीसँग ऋण लिने र ऋण तिर्नसके हरुवा चरुवाका रूपमा रहेर ऋण तिर्नुपर्ने र बुबाले ऋण चुक्ता नगरेको अवस्थामा छोराले हरुवा चरुवा भई काम गरेर उक्त ऋण चुक्ता गर्नुपर्ने हुन्छ। त्यस्तै बुबाले जग्गाधनीको घरमा हरुवा चरुवाको काम गर्ने र बुबाले काम गर्न नसके छोराले हरुवा चरुवाको रूपमा काम गर्नुपर्ने हुन्छ। यसरी हरुवा चरुवाको रूपमा कैयौँ पुस्ता नै जग्गाधनीको घरमा बाँधाश्रमिक बन्नुपर्ने बाध्यतामा रहेको हुन्छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन २ गते हरुवा चरुवा मुक्त राष्ट्र घोषणा (नयाँ पत्रिका, २०७९) गरेका थिए। घोषणा कार्यान्वयनमा नहुँदा उनीहरूको आधारभूत अधिकारको उपभोग गर्न पाएनन्। हरुवा चरुवाहरू जग्गाधनीको खेतमा अन्न उब्जाउँछन्। तर, उनीहरूको जीविकोपार्जन सङ्कटग्रस्त हुने गर्दछ। उनीहरूका छोराछोरी पनि बन्धक बनेर काम गर्नैपर्ने बाध्यता हुन्छ।

जातीय छुवाछुत, सामाजिक विभेद, शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकारबाट बञ्चितिकरणमा परेका हरुवा चरुवाको समस्या धेरै नै छ। जग्गाधनीको खेतमा हलो जोत्ने हरुवा र गाईबस्तुको हेरचाह गर्ने चरुवाले दिन रात, घाम र पानी नभनी काम गर्नु पर्छ।

**मधेश प्रदेशमा हरुवा चरुवाको अवस्था**

हरुवा चरुवा मुक्त घोषणको २३ वर्ष बितिसक्दा पनि यो कुप्रथा कायम छ। हरुवा चरूवा अधिकांश दलित समुदायका छन्। गरिबी, अशिक्षा र बेरोजगारीको समस्यामा रहेका हरुवा चरुवामाथि श्रमशोषण छ। उनीहरू न्यून पारिश्रमिक वा अन्नबालीमा काम गर्न बाध्य छन्। राज्यको सामाजिक न्याय तथा समावेशिकरणसम्बन्धी नीतिमा हरुवा चरुवा, भूमिहीन र सुकुम्बासी लगायतको पहिचान गरी बसोबासको लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन र रोजगारीको व्यवस्था गर्नुपर्ने स्पष्ट मार्गनिर्देशन गरेको छ। (पासवान, २०७०)

आर्थिक रूपले कमजोर र जग्गा नभएका भूमिहीन दलितहरू जग्गाधनी तथा मालिकको खेतमा हलो जोतेर गाई गोरु चराउने काम गर्न थाले। जग्गाधनी र मालिकको खेतमा काम गर्ने र गाईवस्तु तथा गोठालो गरेर जीविकोपार्जन गर्ने मानिसहरू नै कालान्तरमा हरुवा चरुवा भए।

जग्गाधनी र मालिकको खेतमा काम गर्दा वार्षिक रूपमा पाउने निश्चित अन्नबाली, दैनिक ज्यालाका रूपमा पाउने अन्नबाली र जग्गाधनी वा मालिकले निश्चित जग्गा दिएर सो जग्गामा उब्जिएको अन्नबालीले खान लाउन नपुग्ने भएपछि उनीहरूसँगै ऋण लिई वर्षभरि उनीहरूको घरमा काम गर्ने गर्छन्। वर्षभर खानलाउन नपुग्ने तर, अन्य काम गर्न समय पनि नपाउने भएकाले उनीहरूलाई आफ्नो जीवन चलाउन मुश्किल छ। ऋण लिएवापत त्यसको ब्याज

तिर्न नसकिने भएपछि हरुवा चरुवा प्रथा पुस्तेनी रूपमा सर्दै गयो र यस प्रथाले समाजमा जरा गाड्यो।

**श्रम शोषण ऋण र कुचक्र**

जग्गाधनीको खेतीपातीमा लगाइने कृषि मजदुरमध्ये खेत जोत्नेलाई हरुवा र गाईवस्तु चराउनेलाई चरुवा भनिन्छ। हरुवा चरुवा दुई किसिमबाट बस्ने गरेको पाइन्छ। एउटा, वर्षभरिनै एउटै जग्गाधनीको घरमा काम गर्नुपर्ने गरी र दोस्रो मौसमी हरुवा चरुवाको रूपमा काम गर्ने।

मौसमी हरुवाहरू खेतीपातीको समयमा जग्गाधनीको हलो जोत्ने काम गरेर अरु काम पनि गर्छन्। तर, वर्षभरि हरुवा चरुवा बस्नेले अरु काम गर्न पाउँदैन। उसले जग्गाधनी तथा मालिकको हलो जोत्ने काम दैनिक रूपमा गर्नु पर्छ। त्यसैगरी, जग्गाधनीको घरमा हरुवाकै छोराछोरी चरुवाको रूपमा बस्ने गर्दछ। अर्को, गाउँभरिका वस्तु चराउने र वार्षिक रूपमा थोरै अन्न पाउने चरुवा पनि हुन्छन्।

हरुवा चरुवा पनि दुई किसिमले बस्ने गर्दछ। एक, कसैको बुबा बाजेले कुनै साहुबाट ऋण लिएको छ भने त्यो चुक्ता गर्न नसके पछि छोराछोरी हरुवा चरुवा बस्नु पर्दछ। दोस्रो, आर्थिक रूपले विपन्न भूमिहीन दलितहरू खरखाँचोमा ऋण लिएवापत हरुवा चरुवा बस्ने गर्दछन्।

ऋण लिएर परिवारको भरणपोषण गर्नुपर्ने र हरुवा बसेर नै ऋण तिर्ने सामर्थ्य नहुने भएकाले हरुवा चरुवा ऋणबाट मुक्त हुन सक्दैनन्। हरुवा चरुवा बस्नेहरूको जग्गाधनीसँग उचित ज्याला माग गर्न पनि सक्दैनन्। जग्गाधनीले नै तोकेको ज्याला वा सर्तमा काम गर्न बाध्य हुन्छन्। सबै जिल्लाका हरुवा चरुवाको समस्या एउटै रहेको छ। तर, हरुवा बस्ने प्रक्रिया भने फरक फरक रहेको पाइन्छ। पछिल्लो समय हरुवा चरुवा पुस्तौंदेखि कुनै एउटै जग्गाधनीको घरमा बसेको कमै पाइन्छ। तर, एउटै व्यक्ति एउटै जग्गाधनीको घरमा आफ्नो जीवन बिताउने पनि भेटिन्छन्।

हरुवा चरुवाको ज्याला जग्गाधनी हेरी तय हुन्छ। तर, प्रायः जसो हरुवाले वार्षिक सात क्वीन्टल धान पाउँछ। कतिपय हरुवा बस्नेहरू जग्गाधनीको हलो जोतेवापत ५ देखि १० कठ्ठासम्म जमिन अधियामा जोत्न पाउँछन्। त्यो जमिनको उब्जनी नै उसको ज्याला हो।

एउटा जग्गाधनीसँग चित्त नबुझे अर्को जग्गाधनी कहाँबाट फेरि ऋण लिएर पहिलेको जमिन्दारलाई तिर्छन् र उनीहरू अर्को जग्गाधनीको घरमा हरुवा बस्छन्। यसरी हेर्दा, एक ठाउँबाट मुक्त भए पनि फेरि अर्को ठाउँमा ऊ बँधुवा नै हुन्छ। हरुवा चरुवाको समय अनुकूल ज्याला वृद्धि भएको छैन। न्यून ज्यालामा काम गरिरहेको हरुवा चरुवाले ज्यालावृद्धिको माग गर्दा उनीहरूलाई कामबाट हटाइन्छ। रोजीरोटीको अर्को विकल्प हुँदैन। फेरि सोही कर्ममा फर्किनुपर्छ। भूमिहीन, गरिबी र अशिक्षाका कारण हरुवा चरुवाको रोजगारीको अर्को विकल्प हुँदैन।

अधिकांश हरुवा चरुवाहरूको आफ्नै नाममा जमिन छैन। हरुवा बस्नेहरू बाटो, खोलानाला छेउछाउ, ऐलानी, पर्ती गाउँ ब्लक, गुठी सडक लगायतका जग्गामा बसोबास गर्छन्। यसरी हेर्दा हरुवा चरुवा बस्नुको कारण गरिबी नै हो (ढकाल, कार्की, श्रेष्ठ, २०७६)।

**हरुवा चरुवाः दलित र निर्धन**

मधेश प्रदेशमा हरुवा चरुवाको एकीन तथ्याङ्क छैन। तर, हरुवा चरुवाबारे धनुषाको धनौजी गाउँपालिका, शहिदनगर र गणेशमान चारनाथ नगरपालिकामा दलित समाज उत्थान समिति नेपालको अगुवाइमा २०७६ सालमा गरिएको एक अध्ययन अनुसार ९० प्रतिशत हरुवा चरुवाले औषधी उपचारका लागि र खानेकुरा नै नभएर ऋण लिन्छन् र तिर्न नसकेपछि हरुवा चरुवा नामक बँधुवा श्रमिक हुन बाध्य हुन्छन्। ७२ प्रतिशत हरुवा चरुवाले अन्यत्र ज्याला बढी भए पनि काम गर्न जान पाउँदैनन्। बँधुवा मजदुर भनेकै यही हो (पूर्ववत्)।

हरुवा चरुवामध्ये २७ प्रतिशतको निजी उत्पादनले केवल तीन महिनामात्र खान पुग्ने र ८८ प्रतिशत हरुवा चरुवाको बस्नका लागि कच्ची टहरो मात्र रहेको अध्ययनमा देखियो। परिवार पाल्न तथा खान र औषधी उपचार गर्नका लागि अधिकांश हरुवा चरुवाहरू ऋण लिन बाध्य हुन्छन्। त्यो ऋणको साँवा सामान्यतया दोब्बरदेखि तेब्बर बनाएर तमसुक बनाइने चलन अझै पनि कायम देखिन्छ। हाल यो मिटर ब्याजको रूपमा रूपान्तरण हुँदै गएको देखिन्छ। कुनै जग्गाधनी कहाँ हरुवा चरुवा बसेपछि अर्को जग्गाधनीले बढी ज्याला दिए पनि काम गर्न पाइँदैन। यो नै उसको बँधुवा श्रमको स्थिति हो। धेरैजसो हरुवा चरुवाले दैनिक अढाइदेखि पाँच किलो धान ज्याला पाउँछन्, जुन नगदमा बदल्दा झण्डै एक सय देखि दुई सय रुपियाँ जति हुन्छ। त्यसमा पनि महिला र पुरुषबीचको

ज्यालामा विभेद छ। दैनिक रूपमा पुरुषलाई पाँच किलो र महिलालाई अढाइ किल्लो अन्न दिने चलन छ। पुरुषलाई ५ सय रुपियाँ र महिलालाई २ सय ५० रुपियाँ दिइने चलन छ। दैनिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले आठ घण्टा काम गर्नुपर्नेमा सो भन्दा बढी समय काम गराइएको देखिन्छ। ग्रामीण भेगमा त निश्चित ज्यालामा दिनभरि हरुवा चरुवाले काम गर्नु परेको अवस्था छ। अन्नबाली छर्ने वा रोप्ने, गोडमेल गर्ने, भित्र्याउने समयमा राती अबेरसम्म हरुवा चरुवालाई काममा लगाइन्छ। उनीहरूको श्रमको अवधि नै तोकिएको हुँदैन।

**तालिका ४.२.१** जातिगत आधारमा हरुवा चरुवा

| सामाजिक समूह | अनुमानित घरधुरीको कुल सङ्ख्या | अनुमानित हरुवा चरुवाको घरधुरी सङ्ख्या | हरुवा चरुवा घरधुरी प्रतिशत | समूहभित्रका हरुवा चरुवाको प्रतिशत |
|---|---|---|---|---|
| तराई दलित | १९६,०१४ | ४५,९४१ | ६५.९ | २३.४ |
| तराई जनजाति | १४९,१९१ | ४,६०७ | ६.६ | ३.१ |
| मुस्लिम | ५२,७१७ | ३,५०९ | ५.० | ६.७ |
| अन्य तराई हिन्दुजाति समूह | ३१५,५९३ | १४,२६५ | २०.५ | ४.५ |
| पहाडी समूह/समुदाय | ५४,१६८ | १,४१६ | २.० | २.६ |
| पहिचान नखुलेका जातजाति | २,३८८ | | - | - |
| **जम्मा** | ७७०,०७१ | ६९,७३८ | १०० | ९.१ |

(स्रोत : FORCED LABOUR OF ADULTS AND CHILDREN IN THE AGRICULTURE SECTOR OF NEPAL, ILO REPORT, 2013)

### हरुवा चरुवामध्ये सबैभन्दा बढी दलित

मधेशमा सबैभन्दा बढी हरुवा चरुवा दलित समुदायका व्यक्तिहरू छन् (ढकाल, २०६४)। सङ्ख्यात्मक रूपमा सबभन्दा बढी मुसहर समुदाय र त्यसपछि राम, खत्वे र पसवानलगायतका जाति हरुवा चरुवा छन्। हरुवा गैरदलित पनि बस्छन् तर त्यसको सङ्ख्या कम छ। तराई मधेशका सुनसरी, सप्तरी, सिरहा, धनुषा, सर्लाही, रौतहट र बारा गरी सात जिल्लामा आइएलओले सन् २०१३ मा गरेको एक अध्ययन अनुसार ६९ हजार ७ सय ३८ हरुवा-चरुवा घरपरिवारको अनुमान गरेको छ (आइएलओ, २०१३)।

### कति छन् हरुवा चरुवा ?

मधेश प्रदेशका आठ जिल्लामध्ये सप्तरी, सिरहा र धनुषामा हरुवा चरुवा बढी रहेका छन्। सप्तरी, सिरहा, धनुषामा हरुवा चरुवाको सङ्ख्या बढी हुनुका कारण ती जिल्लाहरूमा दलितहरूको सघन बसोबास हुनु हो।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा राष्ट्रिय दलित नेटवर्कले २०७९ पुस ९ गते आयोजना गरेको एक छलफल कार्यक्रममा हरुवा चरुवा अधिकार मञ्चका प्रतिनिधिहरूले आ-आफ्नो जिल्लामा रहेका हरुवा चरुवाको तथ्याङ्क प्रस्तुत गरेका थिए। प्रस्तुत तथ्याङ्क अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ ओटै जिल्लाको १ सय २८ पालिकामा गरेको सर्वेक्षण अनुसार ती पालिकाहरूमा १ लाख ६० हजार ४ सय ५२ जना हरुवा चरुवा रहेको उल्लेख छ।

### नीतिगत व्यवस्था र यथार्थ

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन ०५८ मा 'कमैया श्रमिक भन्नाले भैसवार, गैवार, हरुवा भन्ने सम्झनुपर्छ' भन्ने उल्लेख छ। यो ऐनले कमैया श्रमलाई निषेध गर्दै हरुवा, चरुवालाई पनि मुक्त गरेको देखिन्छ। तर, व्यवहारिक रूपमा यो ऐनले हरुवा-चरुवालाई छुन पनि सकेको छैन।

मधेश प्रदेशका हरुवा चरुवाहरू सङ्गठित भएर ०६० सालदेखि नै विभिन्न चरणको आन्दोलनहरू गर्दै आइरेका छन्। ०६५ साल यता गठन भएका सबै सरकारका प्रधानमन्त्रीहरूसँग हरुवा चरुवाहरूले भेटेर आफ्नो माग राख्ने गरेका छन्। तर, हरुवा चरुवाहरूका विषयमा अहिलेसम्म कुनै पनि सरकारले ठोस कदम चालेको देखिँदैन।

सरकाले आर्थिक वर्ष ६८/०६९ मा कमैया, हलिया, कमलरी, हरुवा-चरुवाको रोजगारी र शिक्षा व्यवस्थाका निम्ति सोही आर्थिक वर्षको बजेटमा हरुवा चरुवाको तथ्याङ्क सङ्कलन गर्ने र हरुवा चरुवा, गाइने, वादी महिलालाई सहुलियतमा ऋण प्रदान गरिने

**तालिका ४.२.२ स्थानीय तहअनुसार हरुवा चरुवाको अनुमानित सङ्ख्या**

| जिल्ला | स्थानीय तह | सङ्ख्या |
|---|---|---|
| सप्तरी | १८ | ३३,८९४ |
| सिरहा | १७ | ६,८७० |
| धनुषा | १८ | ३१,४०० |
| महोत्तरी | १५ | ८,०४८ |
| सर्लाही | २० | ७,२९० |
| रौतहट | १८ | १४,७५० |
| बारा | १३ | ५३,००० |
| पर्सा | ९ | ५,२०० |
| **कुल** | १२८ | १,६०,४५२ |

भनिएको थियो। तर, हरुवा चरुवाको लगत सङ्कलन गरी परिचय पत्र उपलब्ध नगराएका कारण ती कार्यक्रमले समेत हरुवा चरुवालाई छोएन। सरकारले कमैया, हलिया र कमलरीलाई जस्तै हरुवा चरुवालाई समेत पहिचान गरी परिचय पत्र उपलब्ध नगराएसम्म प्राविधिक रूपले हरुवा-चरुवाका लागि छुट्याइएको बजेट कार्यान्वयन हुन सक्दैन।

'मुक्त हरुवा चरुवाको न्यायिक पुनर्स्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र समाजिक सुरक्षा हाम्रो अधिकार' भन्ने नारासहित राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च र राष्ट्रिय दलित नेटवर्कको संयुक्त आयोजनामा २०७९ चैत २८ गते पर्साको बीरगञ्ज र सप्तरीको राजविराजबाट आफ्ना अधिकार माग्दै हरुवा चरुवाहरूले प्रदर्शन गरेका थिए। हरुवा चरुवा, हलिया, भूमिहीन र सुकुम्बासीको पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषि योग्य जमिन सहित पुन: स्थापना गर्नुपर्ने उनीहरूको माग थियो (अनलाइन खबर, २०७९)।

राष्ट्रिय हरुवा र चरुवा अधिकार मञ्चले मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहलाई २०७५ फागुन ४ गते जनकपुरमा हरुवा चरुवाको मुक्ति र ऋण मिनाहासहितको पाँच बुँदे मागपत्र पेश गरेको थियो। हरुवा चरुवाले राष्ट्रिय बँधुवा कृषि मजदुर सङ्घर्ष समितिको अगुवाइमा राष्ट्रिय मानव अधिकार आयोग मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण पत्र समेत बुझाएका थिए (राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च, २०७२)।

**मञ्जुषा ४.२.१ मधेश प्रदेशमा हरुवा चरुवाको समस्या र सरकारको नीति तथा कार्यक्रम**

### चरुवाका मुख्य समस्याहरू

१. हरुवा चरुवामध्ये धेरैसँग बस्न योग्य घर छैन। अधिकाश झुप्राहरू साहुको जमिनमा, ऐलानी र गाउँ ब्लकमा छन्। उनीहरूको आफ्नै जमिनमा आफ्नै घर छैन। अधिकांश हरुवा चरुवासँग जीविका धान्नका लागि आफ्नै कुनै खेतीयोग्य जमिन छैन।

२. उनीहरू स्वास्थ्य उपचार, दैनिक जीविका टार्ने अन्न कमाउन, झुप्रो बनाउन, काजकिरिया र छोराछोरीको विवाह गर्न र विदेश जान साहुसँग ऋण लिन बाध्य छन्।

३. धेरैजसो हरुवा चरुवासँग जीविकोपार्जन गर्न आवश्यक ज्याला प्राप्त हुने किसिमको सीप र दैनिक जीवन धान्न किसिमको रोजगारी छैन।

४. अधिकांशसँग नागरिकता प्रमाण पत्र र जन्म दर्ता प्रमाण पत्र नहुनाले सरकारी सेवा सुविधाबाट वञ्चित छन्।

५. अशिक्षा, आर्थिक विपन्नता र न्यून राजनीतिक पहुँच।

### मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा हरुवा चरुवा

हरुवा चरुवाको एकीन तथ्याङ्क मधेश प्रदेश र स्थानीय सरकारसँग पनि छैन। सङ्घीय सरकारले आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक गरेको नीति तथा कार्यक्रमको बुँदा नम्बर ५१ मा हरुवा चरुवाको समस्या समाधान गरिने र ती समुदायको विकासका लागि एकीकृत विशेष कार्यक्रम लागु गरिने उल्लेख छ।

मधेश प्रदेश सरकारले अर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक गरेको नीति तथा कार्यक्रमको १ सय ७९ औं बुँदामा स्थानीय सरकारको समन्वयमा मधेश प्रदेशको सबै जिल्लाहरूमा मुक्त हरुवा चरुवाको तथ्याङ्क सङ्कलन गरी प्रमाणिकरण र परिचय पत्र वितरण गरिने उल्लेख गरिएको मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले बताए।

**निष्कर्ष**

गरिबी, भूमिहीनता तथा बास बिहीनता नै हरुवा चरुवाको मूल समस्या हो। न्यून ज्यालामा जग्गाधनी र मालिकको घरमा हरुवा र चरुवा बस्नुपर्ने बाध्यता रहेको छ। पारिवारिक जीवन निर्वाह र औषधी उपचारका लागि ऋण लिने र सो ऋण तिर्न हरुवा चरुवाको रूपमा काम गर्नुपर्ने बाध्यता छ।

हरुवा चरुवाहरू र हरुवा चरुवाका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूले विभिन्न समयमा आन्दोलनहरू गर्दै आएका छन्। समिति र आयोगहरूको सिफारिसमा नेपाल सरकारले हरुवा चरुवा मुक्तिको घोषणा गरे पनि उनीहरूको एकीन तथ्याङ्क र पहिचान हुन सकेको छैन। गरिबी र अशिक्षाको मारमा रहेको हरुवा चरुवाको सन्दर्भमा सरकारले ठोस नीति तथा कार्यक्रमहरू समेत ल्याउन सकेको छैन।

जग्गाधनी र मालिकको घरमा हरुवा र चरुवाको रूपमा काम गर्दै जीविका चलाइरहेका उनीहरू अहिले नौलो समस्यामा छन्। कृषिमा प्रविधिको प्रयोगका कारण त्यही काम पनि पाउन गाह्रो हुन थालेको छ। अधिकांश हरुवा चरुवा बेरोजगार भएर घरमा बस्न बाध्य छन्। जग्गा जमिन छैन। ऐलानी जग्गा जमिनमा बसेका भूमिहीन सुकुम्बासी हरुवा चरुवा अहिले विस्थापनको समस्यासँग जुधिरहेका छन्।

दास प्रथाको अवशेषका रूपमा रहेको हरुवा चरुवा प्रथा मधेश प्रदेशमा कायमै रहेको छ। जीवनयापनका लागि स्थानीय जग्गाधनीसँग ऋणवापत् लिएको रकम तिर्न हरुवा चरुवाको पुस्तौँपुस्ता बाँधा श्रममा संलग्न हुन बाध्य पारिएका छन्। हरुवा चरुवाले गर्ने काम र पाउने ज्यालका सम्बन्धमा कुनै लिखित सम्झौता भएको हुँदैन। मौखिक आदेशका भरमा यो प्रथा कायम रहेको छ। मासिक वा वार्षिक तथा केही खेत उब्जा गरी खान दिने गरी हरुवा चरुवाको रूपमा जग्गाधनीले प्रयोग गरिरहेका हुन्छन्।

अधिकांश हरुवा चरुवाले जीवन निर्वाह गर्नका लागि ऋण लिने गरेका छन्। धेरैजसोसँग नागरिकताको प्रमाण पत्र समेत छैन। नागरिकताको अभावमा न त उनीहरू राज्यले दिने कुनै सुविधा लिन समर्थ भएका छन्, न जमिन आफ्नो नाममा पास गर्न। जग्गाधनीको खेतिपातीमा आफ्नो जीवन नै समर्पित गर्नुपर्ने अन्यायपूर्ण चलनको रूपमा हरुवा चरुवा प्रथा रहेको छ। जमिनमा बढी मेहनत गर्ने हरुवा नै जमिनको अधिकारबाट वञ्चित छन्। लोकतान्त्रिक शासन व्यवस्थामा हरुवा चरुवा प्रथाजस्ता विभेद कायम रहनु राज्यकै लागि पनि लज्जास्पद विषय हुनाले यो समस्या हरुवा र चरुवाको मात्र नभई देशकै समस्या भएको छ।

## सन्दर्भ सामग्री


अनलाइन खबर, (२०७९ चैत २८) *पुनर्स्थापनाको माग राख्दै हरुवाचरुवा आन्दोलनमा,* अनलाइन खबर। https://www.onlinekhabar.com/2023/04/1290893

ढकाल, सुरेस, कल्पना कार्की, सन्दिप श्रेष्ठ (२०२०, *हरुवा चरुवा, कृषिमा बाँधिएका मजदुर : पूर्वी तराईको धनुषा जिल्लाका तीन नगरपालिकाको अध्ययन,* सिएसआरसी।

ढकाल, सुरेश (२००७), हरुवा, *स्वतन्त्र कृषि मजदुर : पूर्वी तराईबाट एक केस स्टडी (खण्ड ३४, अङ्क २),* नेपाल र एसियाली अध्ययन केन्द्र।

राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च (२०७२), हरुवा चरुवा परिवेश २०७२, राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च

नेपालका लागि आइएलओ कन्ट्री अफिस (२०१३), *नेपालको कृषि क्षेत्रमा वयस्क र बालबालिकाको जबर्जस्ती श्रम (११),* आइएलओ।

नयाँ पत्रिका (२०७९ साउन ३), *हरुवा-चरुवाको ऋण खारेज गर्ने प्रधानमन्त्रीको घोषणा,* नयाँ पत्रिका। https://nayapatrikadaily.com/news-details/91355/2022-07-19

पासवान, भोला (२०७० भदौ १६), *मधेशको जमिन्दारी र हरुवा-चरुवा,* अनलाइन खबर। https://www.onlinekhabar.com/2013/09/110969